मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २३३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार २५ गते मंगलबार (Tuesday, 9 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**उपभोक्ताप्रति सेचत बनौं**

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्यपदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर बिक्री-वितरण गर्न,
- एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न/गराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरुको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
- मिलिमतोमा महङ्गो मूल्य निर्धारण गर्न पाइँदैन/हुँदैन ।

यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सर्बियामा नेपाली बन्धक प्रकरण

## दुई झापाली छुटे पनि ९ जनाको अवस्था अझै अज्ञात

**झापा, असार २४।** सर्बियामा बन्धक बनाइएका ११ जनामध्ये ९ जनाको अवस्था अझै अज्ञात रहेको छ । वैदेशिक रोजगारीका लागि सर्बियामा गएका ११ जनामध्ये झापाका बिर्तामोड-२का ४५ वर्षीय आमाशु राजवंशी र २५ वर्षीय पशुपति राजवंशी छुटे पनि अन्य ९ जनाको अवस्था अझै अज्ञात रहेको छ ।

मानव तस्करले गतहप्ता बिर्तामोड-२का ४५ वर्षीय आमाशु राजवंशी र २५ वर्षीय पशुपति राजवंशीसहित ११ जनालाई सर्बियामा बन्धक बनाइएको खबर सार्वजनिक भएको थियो । सर्बियाको जंगलमा बन्धक बनाएर परिवारलाई प्रतिव्यक्ति तीन लाख रुपैयाँ फिरौती रकम मागेको पिडीतका आफन्तले बताएका थिए । आमाशु र पशुपतिसँगै बाह्रदशी-५ का २९ वर्षीय दीपेश राजवंशी, शिवसताक्षी नगरपालिकाका बम राजवंशीलगायत ११ जनालाई बन्धक बनाइएको थियो । उनीहरुलाई काठमाडौंको एफएस वर्कर एजेन्सी प्रालिका विज्ञान खनाल र झापा मेचीनगर इँटाभट्टाकी सपना राजवंशीमार्फत सर्बिया पठाइएको पीडित परिवारको भनाइ छ ।

खनालले आमाशुलाई रोमानिया पुऱ्याइदिने भन्दै झण्डै १४ महिना झुलाएपछि अहिले सरकारले टाइट गरेकाले रोमानिया पठाउन समस्या भएको र त्योभन्दा राम्रो साढे ५ सय युरो तलब र अन्य सुविधा हुने रोमानियाको छिमेकी देश पठाइदिने भन्दै सर्बिया पुऱ्याएको पीडितका परिवारले बताएका छन् ।

सर्बिया पुऱ्याएपछि उनीहरूलाई आकर्षक तलब सुविधाको रोजगारी नदिइ त्यो भन्दा राम्रो ठाउँ इजिप्ट पठाउने भन्दै सर्बियाको जंगलमा पुऱ्याएर बन्धक बनाइ फिरौतीबापत लाखौं रकम तिर्न बाध्य पारिएको उनीहरुको भनाइ छ । रोमानियामा रहेका सपनाका पति नरेश राजवंशी पनि एफएस वर्कर एजेन्सीको समन्वयमा रहेको बताइएको छ । रोमानियामा बस्ने एक नेपाली एजेन्टमार्फत तस्करसम्म रकम पुऱ्याउने गरिएको पीडितका परिवारले बताए पनि त्यस कार्यमा नरेश संलग्न रहे-नरहेको स्पष्ट नभएको उनीहरूले बताएका छन् ।

बन्धक बनाइएका नेपालीले आफूहरूलाई जंगलमा हातखुट्टा बाँधेर राखेको र रकम नबुझाए गोली हानेर मार्ने धम्की दिएको भिडियो कलमार्फत परिवारसँग गुनासो सुनाउने गरेका थिए । नेपालीलाई बन्धक बनाउने समूहको हिन्दी, अरबी र पाकिस्तानी भाषामा कुराकानी हुने गरेको बताइएको छ । सर्बिया उडाउने एफएसका सञ्चालक खनालले आफूले वैधानिक रूपमा सर्बिया पठाएको भन्दै आफ्नो कुनै दोष नरहेको बताएर उम्कने प्रयास गरेकाले यसबारेमा वैदेशिक रोजगार विभागले पनि चासो राख्नुपर्ने पीडित परिवारले माग गरेका छन् ।

## सडक निर्माण ढिलासुस्तीको विरोधमा प्रदर्शन

### ‘केपी शर्मा ओली, विश्वप्रकाश शर्मा र राजेन्द्र लिङ्देन लापता !’

**झापा, असार २४।** झापा जिल्लाको सदरमुकाम जोड्ने मुख्य सडक निर्माणमा चरम लापरबाही भएको भन्दै स्थानीय युवाहरूले शीर्ष नेताहरु लापता भएको तस्वीर राखेर विरोध प्रदर्शन गरेका छन् ।

बिर्तामोड-भद्रपुर सडक खण्ड अन्तरगत चन्द्रगढीस्थित लेखनाथ चोकमा युवाहरूले झापाबाट निर्वाचित ‘हेविवेट’ नेताहरु नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा र राप्रपाका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनको तस्वीरमा ‘लापता’ लेखेर बिरोध प्रदर्शन गरेका हुन् ।

सडक निर्माणमा ढिलासुस्ती भएको क्षेत्रबाटै शर्मा र लिङ्देन निर्वाचित भएका छन् । युवाहरूले शनिबार मात्रै लेखनाथ चोकमा धान रोपेर बिरोध जनाएका थिए । युवाहरूले विरोध जनाएपछि




भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल आइतबार दिउँसो बिरोध स्थलमा पुगेर सडक मर्मत सम्भारका कार्य हुने भनी आश्वासन दिएका थिए । सडक निर्माणका लागि शान्तिपूर्ण रुपमा दबाबमूलक कार्यक्रम गर्नुपर्ने अवस्था आएको भन्दै उनले यो सडक बनाउन भद्रपुर नगरपालिका युवाहरूको साथमा रहेको बताए ।

चार लेनको सडक निर्माणमा ढिलासुस्ती हुँदा हिउँदमा धुलो र अहिले हिलाम्मे सडकका कारण जनताले सास्ती झेल्दै आइरहेका छन् । सो सडक अन्तर्गत भद्रपुरको देउनियाँ पुलदेखि लेखनाथ चोक हुँदै भैरव चोकसम्म चार लेनको सडकको ठेक्का लागे पनि अझै काम सुचारु भएको छैन ।

सो सडक निर्माणको ठेक्का काठमाडौंको कन्टेक प्रालिले करिब ६० करोड रुपैयाँमा लिएको छ । २०७७ माघ ६ गते ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले ३० महिनामा काम सम्पन्न गर्नुपर्ने थियो । सो अवधिमा कम्पनीले बिर्तामोड क्षेत्रमा मात्र काम गरिरहेको छ । दुईपटक म्याद थप गरिसकेको निर्माण कम्पनीले ४० प्रतिशत मात्र काम सम्पन्न गरेको सडक डिभिजन कार्यालय दमकका प्रमुख सुरेश पौडेलले जानकारी दिए ।

## अनलाइन क्यासिनो खेलाउँदा...

**झापा, असार २४।** अनलाइन क्यासिनो खेलाएको आरोपमा ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा रुपन्देहीका २४ वर्षीष नितेश हरिजन, २५ वर्षीय आकाश मिश्र, २७ वर्षीय प्रतीक बस्याल, २९ वर्षीय रामु गिरी, २२ वर्षीय अभिषेक जैसवाल र झापाका २९ वर्षीय सजल श्रेष्ठ छन् । उनीहरुले उल्फ ७७७ नामक क्यासिनो एपमार्फत बेटिङ गराएको प्रहरीको दावी छ ।

पक्राउ परेका हरिजनले आफूले बेटिङमा पैसा हार्दै गएपछि एजेन्ट मोहितसेन ठकुरीले बैंक खाताहरु उपलब्ध गराए त्यसमा जम्मा हुने रकमको ०.७५ प्रतिशत कमिशन दिने र अन्य व्यक्तिको बैंक खाता दिए त्यसमा जम्मा हुने रकमको ०.५ प्रतिशत रकम कमिसन दिने बताएको वयान दिएका छन् ।

त्यसपछि बिजय जैसवालमार्फत प्रतीक बस्याल, रामु गिरी र आकाश मिश्रसँग कुराकानी गरी उनीहरुको खाता बेटिङको रकम जम्मा गर्न प्रयोग गरेको बयान दिएका छन् । हरिजन रुपन्देहीस्थित महादेव इञ्जिनियरिङ

*(बाँकी अन्तिम पृष्ठमा)*

## फ्ल्याट भाडामा लिएर यौनधन्दा

**झापाा, असार २४।** फ्ल्याट भाडामा लिएर यौन धन्दा चलाएको आरोपमा प्रहरीले झापा गरामनी निवासी एक महिलालाई पक्राउ गरेको छ ।

विराटनगरमा फ्ल्याट भाडामा लिएर युवतीहरूलाई अवैध हिसाबले यौनधन्दामा लगाएको आरोपमा २३ वर्षीया सन्ध्या चुडाल पक्राउ परेकी हुन् ।

उनले विराटनगर महानगरपालिका-११स्थित नयाँ गुद्रीमा घरको फ्ल्याट भाडामा लिएर सुनसरी इनरुवाका अन्दाजी ३० वर्षीय राजकुमार साह र झापा गरामनीकी चुडालले युवतीहरूलाई यौन व्यवसायमा लगाएको आरोप छ । उनीहरुले आकर्षक रोजगारी दिने भन्दै प्रलोभनमा पारी विभिन्न ठाउँबाट युवतीलाई ल्याएर भाडाको कोठामा राख्दै यौन व्यवसायमा लगाउने गरेको खुलेको हो ।

युवतीलाई कुटपिट गर्दै यातना दिएर जबरजस्ती यौन क्रियाकलापमा लगाउनेमध्ये चुडाललाई प्रहरीले पक्राउ गरेको हो । उनीविरुद्ध मानव बेचबिखन मुद्दा चलाउन आइतबार अदालतबाट म्याद थप गरेर अनुसन्धानको बाँकी प्रक्रिया अघि बढाइएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए । उनका अनुसार चुडालका व्यावसायिक साझेदार साह भने फरार भएका छन् । उनको खोजी भइरहेको जानकारी बस्नेतले दिए ।

वेश्यावृत्तिमा लगाउने गरिएका युवतीलाई राखेको फ्ल्याटमा प्रहरीले छापा मारेर ६ जनालाई उद्धार गरेको छ । वडा प्रहरी कार्यालय विराटनगरबाट खटिएको डीएसपी बुद्ध श्रेष्ठ नेतृत्वको टोलीले भाडाको फ्ल्याटमा छापा मारेर गतशुक्रबार २१ देखि २३ वर्ष उमेर समूहका युवतीहरूको उद्धार गरेको हो ।

मोरङ प्रहरी प्रमुख एसपी नवराज कार्कीका अनुसार उद्धार गरिएकामध्ये काठमाडौं, काभ्रेपलाञ्चोक, स्याङ्जा र उदयपुरका १/१ जना तथा झापाका २ जना छन् । कार्कीका अनुसार साह र चुँडालले मोहन सिटौलाको २ तले घरको भुइँतलाको फ्ल्याट भाडामा लिएर युवतीहरूलाई राख्ने गरेको पत्ता लागेको थियो ।

‘२ महिनाअघिदेखि फ्ल्याट भाडामा लिएर युवतीहरूलाई राख्दै यौन व्यवसायमा लगाउने गरिएको खुल्यो । आकर्षक रोजगारीको प्रलोभनमा पारेर काठमाडौंलगायत विभिन्न ठाउँबाट झिकाइएका युवतीहरूलाई आफ्नो सम्पर्कमा रहेका व्यक्तिसँग जबरजस्ती यौन सम्पर्क गर्न बाध्य पार्ने गर्दा रहेछन्’- उनले भने । उनका अनुसार फ्ल्याट भाडामा लिएर युवतीलाई राखिएको भए पनि यौन व्यवसायमा लगाउन भने सम्पर्कमा रहेका व्यक्तिमार्फत अन्यत्र नै पठाउने गरेको पाइएको छ ।

साह र चुडालले यौन व्यवसायमा लगाउने नाममा युवतीहरूलाई चरम यातनासमेत दिने गरेको एसपी कार्कीले बताए । ‘कुटपिट गरेको चोट र निलडाम शरीरभरि छ । हातलगायत शरीरका विभिन्न भागमा चुरोटका ठुटाले पोलेको घाउहरू देखिन्छ’- उनी भन्छन्- ‘आफूहरूले भनेको नमानेमा युवतीलाई कुटपिट गर्दै यातना दिने गरिँदो रहेछ । यातना र शोषणको पीडा युवतीहरूले प्रहरीलाई रुँदै सुनाएका थिए ।’ उद्धार गरिएका युवतीहरूलाई भने प्रहरीले महिला अधिकारवादी संस्थाको जिम्मा लगाएको थियो । संस्थामार्फत नै युवतीहरूलाई आआफ्नो घर फिर्ता गरिएको प्रहरीको भनाइ छ ।

## अपहरण, बन्धक तथा करणी गर्ने दुई जना पक्राउ

**काठमाडौं, असार २४।** अपहरण, शरीर बन्धक तथा जबरजस्ती करणी मुद्दामा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा धनुषा क्षिरेश्वरनाथ गाउँपालिका-१० गोपालपुर घर भई कास्की पोखरा महानगरपालिका-११ रानी पौवा बस्ने २१ वर्षीय अरूणकुमार दास र भारत बिहार प्रदेश सीतामणि डुमरा थाना सुरसड पक्ष्मी-१ सुरसड गाउँ घर भइ कास्की पोखरा महानगरपालिका-११ रानीपौवा बस्ने १९ वर्षीय सुनिल दास भन्ने सुनिल कुमार रहेका छन् ।

उनीहरूले असार १७ गते बिहान तनहुँ म्याग्दे गाउँपालिका-४ थर्पूबाट नाबालिकालाई ललाई फकाई ग.८ प ४२८० नम्बरको मोटरसाइकलमा राखी कास्की पोखरा महानगरपालिका-११ रानीपौवा स्थित उनीहरूको कोठामा बन्धक बनाई सामुहिक रूपमा जबरजस्ती करणी गरी पोखराबाट तनहुँ फर्किने क्रममा पोखरा महानगरपालिका-३० पावरहाउसबाट

*(बाँकी अन्तिम पृष्ठमा)*

मेघालयमा नेपाली कामदारको हत्या प्रकरण

## कोइलाखानीमा ‘बुझेर’ मात्र काम गर्न आग्रह

**झापा, असार २४।** पूर्वोत्तर भारतमा रोजगारीका लागि जाँदा यथेष्ट जानकारी लिएर तथा कानुनले रोक नलगाएका क्षेत्रमा मात्र काम गर्न जान नेपाली अधिकारी तथा आप्रवासी कामदारका क्षेत्रमा कार्यरत भारतीय अधिकारकर्मीले नेपाली नागरिकहरूलाई आग्रह गरेका छन् ।

भारतको पूर्वोत्तर राज्य मेघालयको ग्रामीण क्षेत्रस्थित एउटा ‘अवैध कोइलाखानी’मा काम गर्ने कम्तीमा एक नेपाली नागरिकको हत्या भएको पुष्टि भएसँगै उनीहरूले यस्तो चेतावनी दिएका हुन् । त्यहाँ चार जनाको हत्या भएको विवरण आएको थियो । तीमध्ये एक नेपाली नागरिक रहेको पुष्टि भएको छ । अर्को एक नेपालीभाषी व्यक्तिको पनि हत्या भएको बताइएको छ । विशेष गरी पूर्वोत्तर भारतका विभिन्न राज्यका कैयौं स्थानमा ‘अवैध’ कोइलाखानी सञ्चालनमा रहेको जानकारहरू बताउँछन् ।

विगतमा त्यस्ता कोइलाखानीमा कतिपय अवस्थामा नेपाली नागरिकहरू बँधुवा मजदुरका रूपमा समेत काम गर्न बाध्य भएको विवरण आउने गरेका थिए । उनीहरूका भनाइमा स्थानीयवासीलाई ती व्यावसायिक गतिविधिहरू अवैध रहेको जानकारी भए पनि अधिकांश नेपाली मजदुरहरूलाई त्यसबारे थाहा हुँदैन । त्यसले



गर्दा उनीहरू पक्राउ पर्ने र कानूनी कारबाहीमा समेत पर्ने गरेका छन् ।

**अहिले के भएको हो ?**

दिल्लीस्थित नेपाली दूतावासका नियोग उपप्रमुख डा. सुरेन्द्र थापाका अनुसार मेघालयको ग्रामीण पहाडी क्षेत्रमा चार नेपालीको हत्या भएको विवरण आएपछि दूतावासले त्यसबारे भारतको विदेश मन्त्रालयमार्फत् चासो व्यक्त गरेको थियो ।

त्यसपछि हामीले त्यहाँको स्थानीय प्रशासनसँग र मेघालयस्थित नेपाली समुदायसँग पनि सम्पर्क गऱ्यौं- उनले भने । उक्त घटनापछि स्थानीय प्रहरीले विशेष अनुसन्धान टोली (एसआईटी) गठन गरेर अनुसन्धान अघि बढाएको रहेछ । त्यस क्रममा इलामका रवि राई र सुनसरीको धरानका राजेश राईको पनि हत्या भएको थाह भएको जानकारी आयो ।

यद्यपि इलामका रवि राईका पिता नै उक्त क्षेत्रमा गएर बसोबास गरिरहेको र उनी उतै जन्मिएको विवरण आएको छ । अवैध कोइलाखानीमा काम गर्ने नेपाली नागरिकको हत्या भएपछि उनको परिवारलाई आवश्यक राहत उपलब्ध गराउन तथा हत्यारा पत्ता लगाई कारबाही गर्नका लागि दूतावासले भारत सरकारलाई अनुरोध गरिसकेको डा. थापाले बताए । उक्त हत्याको कारण अहिलेसम्म नखुलेको र स्थानीय प्रहरीले अनुसन्धान जारी रहेको जनाएको थापाले बताए ।

**नेपालीहरू कोइलाखानी जाने क्रम जारी**

मेघालयमा नेपाली नागरिकको हत्या भएपछि उक्त क्षेत्रमा सञ्चालित अवैध कोइला खानीमा नेपालीहरू जाने क्रम नरोकिएको उजागर भएको जानकारहरू बताउँछन् ।

भारतको ‘न्याश्नल ग्रीन ट्राइब्यूनल’ले १० वर्षअघि ‘ऱ्याटहोल’ भनिने पहरामा साँघुरा सुरुङ बनाएर गरिने कोइलाको उत्खनन्लाई रोक लगाएको थियो । त्यस्ता सुरुङहरू तीनदेखि चार फीट चौडा हुन्छन् र पहरामा तेर्सो बनाएर खनिएका हुन्छन् । ती सुरुङमा प्रायः एक जना मात्र प्रवेश गरेर कोइला खन्न सकिने बताइन्छ ।

प्रतिबन्धपछि पनि त्यस्ता सुरुङबाट कोइला उत्खनन कार्य जारी रहेको मेघालय उच्च अदालतले गठन गरेको एउटा समितिको प्रतिवेदनमा पनि उल्लेख भएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् । उनीहरूले केहीअघि प्रकाशित गरेका समाचारहरूमा उक्त प्रतिवेदनलाई उल्लेख गर्दै त्यस्तो विवरण दिइएको पाइएको हो । त्यस्ता अवैध सुरुङहरूमा नेपालीहरू जाने क्रम नरोकिएको मेघालयको राजधानी सिलोङस्थित इम्पल्स एनजीओ नेटवर्ककी अध्यक्ष हसिना खार्भीले बताइन् । उक्त संस्थाले लामो समयदेखि अवैध कोइलाखानीमा कार्यरत विशेषगरी नेपाल र बाङ्लादेशबाट ल्याइएका बाल तथा बँधुवा मजदुरहरूलाई मुक्त गराउने काम गर्दै आएको छ ।

उक्त संस्थाले त्यस्ता कोइलाखानीमा रोक लगाउन पनि अभियान चलाउँदै आएको थियो । सन् २०१४ मा प्रतिबन्ध लाग्नुभन्दा अघिको जस्तो धेरै नेपालीहरू नआए पनि आउन क्रम भने रोकिएको छैन- खार्भीले भनिन् ।

यस्ता अवैध कोइलाखानीमा दुर्घटना भएका बेलामा मात्र त्यस्ता कुरा बाहिर आउँछन् नत्र भूमिगत रूपमा कामदार ल्याउने र काममा लगाउने चलन जारी छ । खार्भीले जनाए अनुसार विभिन्न अध्ययनहरूले पहिले त्यस्ता कोइलाखानीमा ७० हजार जनाभन्दा बढी बालबालिकालाई काममा लगाइएको पाइएको थियो । तीमध्ये अधिकांश नेपाली र बंगलादेशी थिए ।

अहिले पनि १८ वर्ष उमेर नपुगेका नेपाली

*(बाँकी अन्तिम पृष्ठमा)*



# कोशीकै लामो झोलुङ्गे पुलको शर्माले गरे शिलान्यास



झोलुङ्गे पुलको शिलान्यास कार्यक्रम सम्पन्न भएको छ ।

**रश्मिशेखर सुवेदी**

**बुद्धशान्ति, असार २४।** झापाको बुद्धशान्ति गाउँपालिका वडा नं. ६ र ७ लाई जोड्ने कोशी प्रदेशकै लामो झोलुङ्गे पुलको शिलान्यास कार्यक्रम सम्पन्न भएको छ ।

संघीय सांसद तथा नेपाली कांग्रेसका महामन्त्री बिश्वप्रकाश शर्माले टिमाई नदीमाथि बन्ने ४७६ मीटर लामो उक्त झोलुङ्गे पुलको सोमवार शिलान्यास गरेका हुन् । पाँच करोड रुपैयाको लागतमा निर्माण सम्पन्न हुने सो आयोजनाको लक्ष्य २०८२ बैशाखमा पूरा हुने जनाइएको छ । कोशी प्रदेशको सबै भन्दा लामो र अग्लो हुने यो झोलुङ्गे पुल नेपालको तेस्रो ठूलो हुनेछ ।

झोलुङ्गे पुल र बन्जी जम्पको जिल्ला भनेर चिनिने पर्वत र बाग्लुङ जोड्ने झोलुङ्गे पुल एशियाकै अग्लो र लामो पुलको रुपमा रहेको छ । यो आयोजना सम्पन्न हुँदा झापाको कश्मीर उपनामले चिनिने शान्तिनगरको 'पर्यटन हव' बन्ने सपना, विपनामा परिणत हुने विश्वास लिइएको छ ।

# ५५ पिन्ट रगत संकलन

**बिर्तामोड, असार २४।** 'रक्तदान जीवन दान' भन्ने नारासहित झापाको बिर्तामोडमा रक्तदान कार्यक्रम गरिएको छ ।

पञ्चकन्या सोसाइटी तथा बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको संयुक्त आयोजनामा सोमबार रक्तदान गरिएको हो । नेपाल रेडक्रस सोसाइटी बिर्तामोड रक्तसञ्चार शाखाको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा ५५ जनाले रक्तदान गरेका थिए । 'पञ्चकन्या सोसाइटीको चाहना, सभ्य समाजको परिकल्पना' भन्ने मूल नाराका साथ सोसाइटीले रक्तदानसहित बिबिध सामाजिक काम गर्दै आएको सचिव वीपी लामिछानेले जानकारी दिए ।

झापाको बिर्तामोड-१ स्थित बिन्ध्यावासिनी दुर्गा मन्दिर परिसरमा आयोजित रक्तदान कार्यक्रमको उद्घाटन नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले गरेका थिए । बिर्तामोड साना शहरी खानेपानीका अध्यक्ष मेघराज बाँस्तोला र पञ्चकन्या सोसाइटीका अध्यक्ष ओमनाथ उप्रेतीको संयुक्त अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा स्वागत सोसाइटीका कोषाध्यक्ष बिष्णु चुडालले गरेका थिए ।

कार्यक्रममा बिर्तामोड खानेपानीका उपाध्यक्ष शैलेन्द्र सिटौला, सचिव पारसमणि मैनाली, कोषाध्यक्ष शारदा रिजाल, सदस्य मायादेवी प्रधान, सोसाइटीका सह-सचिव दधिराम पाठक, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष चण्डीप्रसाद उपाध्यायलगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन सोसाइटीका सचिव वीपी लामिछानेले गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि ढकाल र बिर्तामोड खानेपानीका अध्यक्ष बाँस्तोलालले रक्तदान गर्नेलाई प्रमाण-पत्रसमेत बितरण गरेका थिए ।

# डुबान रोक्न ढल सफाई

**झापा, असार २४।** ढलको उचित निकास नहुँदा गत असार ११ गते अबिरल वर्षापछि बिर्तामोड जलमग्न बन्यो । जसका कारण बिर्तामोडका ब्यवसायीले लाखौं रुपैयाँको क्षति व्यहोर्नुपर्‍यो ।

पसलमा पानी पसेर डुबान भएसँगै कपडा र कस्मेटिक व्यवसायीले क्षति व्यहोरेका थिए । व्यवसायीको क्षतिसँगै बिर्तामोड उद्योग वाणिज्य संघले नगरपालिकाको ध्यानाकर्षण गरायो । जसमा बिर्तामोडका व्यवसायी, घरधनी र वडाध्यक्षहरुबीच छलफल गराउँदै ढलको उचित व्यवस्थापन गर्दै पानीको निकासको प्रवन्ध मिलाउने प्रतिबद्धता जनाइयो । सोही प्रतिबद्धता अनुसार बिर्तामोड उद्योग वाणिज्य संघले नगरपालिकाको सहयोगमा ढल सफाई गरेको छ ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने सहितको नेतृत्वले पूर्वपश्चिम राजमार्ग उत्तर तर्फ रहेको ढल सफाई गरेको हो । अन्धुवा खोला पूर्व मुक्ति चौक र मुक्तिचौक पूर्व कनकाई रोडसम्मको ढल दुई चरणमा सफाई गरिएको संघका अध्यक्ष न्यौपानेले बताए ।

पानीको निकास नहुँदा विशेष गरी विशाल मार्केट र प्रसाई मार्केटमा रहेका व्यवसायीहरुको पसलमा पानी पसेर क्षति पुर्‍याएको थियो । पानीले २५ वटा बढी पसलमा राखिएका सामग्री भिजाएर नष्ट गरेको थियो । योसँगै संघको नेतृत्वमा बिर्तामोड उद्योग वाणिज्य संघले व्यवसायी र घरधनीबीच संयुक्त बैठक राखेर समस्याको निकास निकाल्न पहल थालेको थियो ।

छलफलमा बिर्तामोड नगरपालिका वडा नम्वर ४ र ५ का वडाध्यक्षहरु समेत सहभागी थिए । बिर्तामोड वडा नम्वर-५का वडाध्यक्ष रोहित प्रसाईको प्रमुख आतिथ्यमा भएको वैठकमा पानीले निकास नपाउँदा पसलमा पानी पसेर क्षति पुर्‍याएको निष्कर्ष निकालिएको थियो ।

ड्रेन जाम भएकाले पानीको निकास नहुँदा पसलहरुमा पानी पसेर क्षति पुर्‍याएको भन्दै व्यवसायीले आवाज उठाएपछि बिर्तामोड नगरपाालिकाको सहयोगमा ड्रेन सफा गरिने प्रतिवद्धता जनप्रतिनिधिले जनाएका थिए । वडा नम्वर ४का वडाध्यक्ष राहुल शर्मा र वडा नम्वर ५का वडाअध्यक्ष प्रसाईले नाला सफा गर्दै पानीको निकास निकाल्ने प्रतिवद्धता जनाएका थिए । सोही अनुसार ढल सफाई गरिएको र ढकन लागाउने काम नगर प्रहरीको सहयोगमा गरिएको हो । ढल सफाईसँगै ढकन लगाउने काम केही बाँकी रहेकाले मंगलबार सो समेत सम्पन्न गर्ने संघका अध्यक्ष न्यौपानेले बताए । व्यवसायीहरु र नगरप्रहरीले सोमवारबाट उत्त काम शुरु गरेका हुन् ।

# मुलुकभर ३८% रोपाइँ



**काठमाडौँ, असार २४।** समयमै वर्षा भएसँगै आइतबारसम्म मुलुकभर ३८ दशमलव ६ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । यही असार २३ गतेसम्म सातै प्रदेशमा कूल पाँच लाख ३९ हजार सात सय ६६ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको हो ।

सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा ५४ दशमलव २ प्रतिशत रोपाइँ भएको कृषि विभागका सूचना अधिकारी तिकलराज चौलागाईँले जानकारी दिए । सबैभन्दा कम मधेस प्रदेशमा २५ दशमलव ५ प्रतिशत रोपाइँ भएको छ । आइतबारसम्म कोशी प्रदेशमा ३४ दशमलव ४ प्रतिशत, बागमतीमा २५ दशमलव ५ प्रतिशत, गण्डकीमा ४९ दशमलव ७ प्रतिशत, लुम्बिनी प्रदेशमा ४४ दशमलव ४ प्रतिशत र कर्णाली प्रदेशमा ४७ दशमलव ५ प्रतिशत रोपाइँ सम्पन्न भएको विभागको तथ्याङ्कमा उल्लेख छ ।

देशभर रोपाइँ हुने क्षेत्रफल कूल १३ लाख ९८ हजार दुई सय ७३ हेक्टर रहेको छ । सबैभन्दा धेरै मधेसमा तीन लाख ८३ हजार एक सय ५० हेक्टर क्षेत्रफल रहेको छ । सबैभन्दा कम कर्णाली प्रदेशमा ४१ हजार ९०४ क्षेत्रफल रहेको छ । अघिल्लो वर्ष असार २४ गतेसम्म देशभर ६ लाख ४२ हजार दुई सय ८४ हेक्टर क्षेत्रफल (४२.९ प्रतिशत) मा रोपाइँ सम्पन्न भएको थियो ।

नेपालमा वार्षिक औसत ५७ लाख मेट्रिक टन धान उत्पादन हुने गरेको छ भने माग ६२ लाख मेट्रिक टन रहेको छ । नेपालमा गतवर्ष अपेक्षा अनुसारको मात्रामा धान उत्पादन भएको र यस वर्ष पनि सोही अनुपातमा उत्पादन हुने सूचना अधिकारी चौलागाँईले बताए ।

यस वर्षको मनसुन गत जेठ ३१ गतेदेखि नेपाल प्रवेश गरेको हो । यस वर्षको मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । नेपालमा सामान्यतया मनसुन अवधि सरदर जेठ १९ देखि असोज १४ गतेसम्म मानिन्छ । यद्यपि मनसुन भित्रिने र बाहिरिने अवधि केही दिन तलमाथि हुने गरेको छ ।

# गाँजा बरामद

**विराटनगर, असार २४।** मोरङ प्रहरी मातहतको इलाका प्रहरी कार्यालय नेमुवाका प्रहरी सई प्रवीण खड्का नेतृत्वको टोलीले ११५ किलो गाँजा बरामद गरेको छ ।

मोरङको बूढीगंगा-१ आदर्श टोलस्थित सडकमा रोकेर राखेको कारबाट आइतबार ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद भएको हो । नहर नजिक भित्री सडकमा रोकेर राखिएको बा७च ९५९५ नम्बरको कारबाट १ सय १५ किलोग्राम गाँजा बरामद भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए । उनका अनुसार विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय नेमुवाका प्रहरी नायव निरीक्षक खड्का नेतृत्वको टोलीले गाँजासहितको कार नियन्त्रणमा लिएको थियो ।

# इलाम नगरपालिका पूर्ण खोप सुनिश्चित घोषणा

**इलाम, असार २४।** इलाम नगरपालिका पूर्ण खोप सुनिश्चित घोषणा भएको छ । नेपाल सरकारले सञ्चालन गरेको खोप अभियानमा इलाम नगरपालिकाले आफूलाई 'पूर्ण खोप सुनिश्चित' घोषणा गरेको हो ।

सरकारले जन्मेदेखि १५ महिनाका बालबालिकालाई नियमित खोप सञ्चालन गरिरहेको छ । बाँकी १६देखि ५९ महिनाका बालबालिकालाई दिइने विभिन्न खोप पनि इलाम नगरले सुनिश्चित गरेको नगरले जनाएको हो । यसअघि नै नगरपालिकाका सबै वडाले आफूलाई 'पूर्ण खोप सुनिश्चित' घोषणा गरिसकेका छन् ।

नगरपालिकाले गत फागुन, चैतमा घर लौरी सर्वेक्षण गर्दा जन्मेदेखि १५ महिनाका सबै बालबालिकाले खोप लगाएको भए पनि १६देखि ३९ महिनाका २६ बालबालिका भने कुनै न कुनै खोपबाट छुटेको पाइएको थियो । अन्य दुई बालबालिका भने इलाम नगरपालिका बाहिरबाट आएका कारण दुई जनामा शून्य खोप पाइएको नगरपालिकास्थित स्वास्थ्य शाखा प्रमुख उपेन्द्र खनालले बताए ।

खोप छुटेका सबै बालबालिकालाई खोप दिएर पूर्ण खोपको सुनिश्चित गरिएको खनालले जानकारी दिए । यो वर्ष इलाम नगरपालिकामा जन्मेदेखि १५ महिनासम्मका पाँच सय ६६ बालबालिकाले पूर्ण खोप लिएका छन् । इलाम जिल्लालाई नै ०७२ सालमा 'पूर्ण खोपको जिल्ला' घोषणा गरिएको थियो । बिफर, दादुरा, पोलियो, कोभिडजस्ता सरुवा रोग, निमोनिया, हेपाटाइटिसजस्ता रोग सङ्क्रमणबाट बचाएर स्वस्थ जनशक्ति उत्पादन गर्न बालबालिकामा खोप लगाउनुपर्ने बताइएको छ ।

# पैनीमा डुबेर मृत्यु

**झापा, असार २४।** बाह्रदशी गाउँपालिका-२का मोहन राजवंशीको पैनीमा डुवेर मृत्यु भएको छ ।

बाह्रदशी गाउँपालिका-२ राजगढ बस्ने ६५ वर्षीय राजवंशीको पैनीमा डुबेर मृत्यु भएको हो । डुबेको अबस्थामा फेला पारी स्थानीयले मृतकको शव पैनीबाट बाहिर निकालेका थिए । शव नजिकै साइकल समेत फेला परेको थियो ।

# अभिनेत्रीहरूको कमव्याकः रहर कि माग ?



कुनै बेला नेपाली फिल्ममा बलियो उपस्थिति जनाएका कयैन् कलाकार पाखापाखा लागिसकेका छन् । कोही विदेश पलायन भए त कोही घरव्यवहारले अभिनयमा सक्रिय हुन सकेनन् । यसैले अहिले नेपाली फिल्ममा लगभग नयाँ पुस्ताकै हालिमुहाली देखिएको छ । यद्यपि, पुराना कलाकारलाई फिल्ममा हेर्ने इच्छा दर्शकले व्यक्त गरिरहेका हुन्छन् । तर, त्यो इच्छा खासै पूरा हुन सकेको थिएन ।

यतिबेला भने पुराना कलाकारहरुको कमब्याक जोरसोरले चलिरहेको छ । त्यसमा विशेषगरी अभिनेत्रीहरु बढी छन् । कोही विवाह भएपछि सन्तान हुर्काउन अभिनयमा टाढिएका थिए भने कोही विदेश बसाइँले गर्दा विश्राम लिन बाध्य भएका थिए । यतिखेर पुराना नाम चलेका केही अभिनेत्रीहरु धमाधम अभिनयमा फर्किरहेका छन् । त्यसमा पूजा चन्द ( लामा)देखि अरुणिमा लम्सालसम्म छन् ।

पूजा २० वर्षपछि फिल्म 'भूठान'बाट अभिनयमा फर्किएकी हुन् । अघिल्लो वर्ष अमेरिकामा छायांकन हुँदा उनले यो फिल्ममा काम गरेकी थिइन् । यसपछि फिल्म 'तेल भिसा'मा पनि काम गरिसकेकी छन् । यसैको अन्तिम चरणको छायांकनका लागि अहिले पूजा नेपालमा छिन् । कुनै समय नेपाली फिल्ममा बलियो पकड बनाएकी उनलाई दुई दशकपश्चात् फेरि पर्दामा हेर्न दर्शक अधैर्य छन् ।

विवाहपछि अभिनयबाट टाढिएकी कुनै समयकी सफल अभिनेत्री विपना थापाले पनि १३ वर्षपछि फिल्म 'ह्रस्व दीर्घ'बाट पुनरागमन गरेकी छन् । गत वर्ष चितवनमा छायांकन हुँदा मेकअप गर्ने क्रममा उनी गहभरी भएकी थिइन् । परिवारसहित भारतको मथुरामा बस्दै आएकी उनी नेपाल आउजाउ भने बाक्लै गरिरहेकी हुन्छिन् । अब उनी फिल्म अभिनयलाई निरन्तरता दिने योजनामा छिन् ।

विवाहपछि ९ वर्ष अभिनयबाट टाढिएकी अर्की अभिनेत्री रेजिना उप्रेती पनि फिल्ममा फर्किएकी छन् । आगामी साउन १८ गतेदेखि प्रदर्शन हुन लागेको फिल्म 'मोदीबेनी'बाट उनले कमब्याक गरेकी हुन् । दुई कार्यकाल चलचित्र कलाकार संघको उपाध्यक्ष रहेकी उनी अध्यक्षमा पराजीत भएपछि फिल्ममा फर्केकी हुन् । अब अभिनयमा निरन्तरता दिन उनलाई 'मोदीबेनी' सफल हुन जरुरी छ ।

त्यस्तै, अमेरिकामा बस्दै आइरहेका दुई अभिनेत्री अरुणिमा लम्साल र ऋचा घिमिरे पनि एक दशकपछि अभिनयमा फर्किएका छन् । ऋचाले श्रीमान् (निर्देशक शंकर घिमिरे)को फिल्म 'तेल भिसा' बाट कमब्याक गरेकी हुन् भने अरुणिमाले यतिबेला अमेरिकामै वेब सिरिज 'घर बट इन अमेरिका'मा अभिनय गरिरहेका छन् । यसरी हेर्दा अहिले पुराना अभिनेत्रीहरुको कमब्याकको लहर देखिन्छ ।

तर, यो लहर रहरको हो या कथाको माग ? यो सबैभन्दा महत्वपूर्ण छ । पुराना कलाकारप्रति अपेक्षा ठूलो हुन्छ । त्यसैले कमब्याक रहर मात्र हो भने त्यसको औचित्य नहुन सक्छ । कथाकै माग हो भने कमब्याक सार्थक बन्नेछ । र, अब पनि परम्परागत शैलीको चरित्रचित्रणले दर्शक रिझाउन सम्भव छैन । त्यसैले चरित्र र अभिनयमा फरकपन देखिन जरुरी छ । यो सबैभन्दा ठूलो चुनौति हो ।

## कोइलाखानीमा ...

बालबालिकाहरू यस्ता कोइलाखानीमा आइरहेको भेटिन्छ, तर त्यो पहिले जस्तो व्यापक छैन- उनले भनिन् ।

**नेपालीलाई 'अवैध कोइलाखानी'मा काम नगर्न आग्रह**

दिल्लीस्थित नेपाली दूतावासका नियोग उपप्रमुख थापाले विशेष गरी पूर्वोत्तर भारतमा सञ्चालित अवैध व्यवसायहरूमा काम गर्न नजान नेपालीहरूलाई आग्रह गरेका छन् ।

हामीले अहिले ट्राभल एड्भाइजरी जारी त गरेका छैनौं तर म नेपाली नागरिकलाई यहाँको राज्यले अवैध घोषणा गरेका क्षेत्रमा काम गर्न नजानका लागि आग्रह गर्छु- उनले भने । त्यसरी जाँदा समस्यामा पर्न सकिने भएकाले जानुअघि नै सतर्कता अपनाउनुपर्छ । खार्भी पनि आफ्नो ज्यान जान सक्ने भएकाले नेपाली कामदारहरूलाई विशेष गरी मेघालयका अवैध कोइलाखानीमा जाने कोशिस नगर्न आग्रह गर्छिन् । उनले भनिन्- त्यस्ता कोइलाखानीहरूमा एकदमै असुरक्षित रूपमा काम गर्नुपर्छ र ज्यान जाने खतरा उच्च हुन्छ ।

यसबारे जनचेतना जगाउनु जरुरी छ । नेपाल र भारतबीच खुला सीमा भएकाले नेपालीहरूलाई काम गर्न आउन सजिलो छ । त्यसैले म नेपाल सरकारसँग सबै नाका र सीमा क्षेत्रमा अवैध कोइलाखानीमा काम गर्न जाँदा यस्तो असर पर्न सक्छ भनेर बोर्डहरू राखियोस् भन्ने आग्रह गर्छु । वीवीसी

## अनलाइन ...

कन्सल्टेन्सीका सञ्चालक हुन् ।

यता पक्राउ परेका आकाश मिश्रले बिजयले टाइगर प्यालेस रिसोर्टमा क्यासिनोको एउटा टेबल एक वर्षका लागि बुक गरेको भनेकाले धेरै आर्थिक कारोबार लुकाउन ०.२५ कमिशन दिने प्रलोभन देखाएर आफ्नो बैंक खाता प्रयोग गरेको बयान दिएका छन् ।

प्रहरीका अनुसार १२ दिनको फरकमा उनको खातामा मात्र करिब ७२ लाख रुपैयाँ कारोबार भएको पाइएको छ । बस्यालले भने कन्सल्टेन्सी व्यापारमा धेरै आर्थिक कारोबार हुने भएकाले कारोबार लुकाउन भन्दै विजयले आफूसँग ०.२५ प्रतिशत कमिसन दिने प्रलोभनमा बैंक खाता प्रयोग गरेको दावी गरेका छन् । रामुले क्यासिनो टेबलको रकम जम्मा गर्न आफूलाई कमिशन दिने प्रलोभन दिएर बिजयलगायतको समूहले बैंक खाता प्रयोग गरेको बयान दिएका छन् ।

प्रहरीका अनुसार पक्राउ परेका सजल यूएईमा रियल स्टेटको काम गर्छन् । त्यही क्रममा एक भारतीयले नेपाली बैंक खाता उपलब्ध गराउँदा मासिक ३० हजार रुपैयाँ दिने प्रलोभन दिएकाले उनले आफ्ना बुबाको खाता उपलब्ध गराएको बयान दिएका छन् । प्रहरीका अनुसार ७६ दिनको अवधिमा सजलको बुबा दुर्गाको खातामा ३ करोड रुपैयाँभन्दा बढीको कारोबार भएको छ । दुर्गासहित ९ जनालाई प्रतिवादी बनाएर काठमाडौं जिल्ला अदालतमा अभियोग-पत्र दायर भएको छ ।

## अपहरण ...

प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो ।

उनीहरू उपर कास्की जिल्ला अदालतबाट अपहरण वा शरीर बन्धक तथा जबरजस्ती करणी सम्बन्धी मुद्दामा ८ दिन म्याद थप अनुमती लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।


## कर्मचारी आवश्यकता

यस **द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.** को २०८१ साल असार २४ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको झापा जिल्ला मुल कार्यालय दमक, उर्लाबारी सदस्य सेवा केन्द्र र बिर्तामोड सदस्य सेवा केन्द्रका लागि केही कर्मचारी आवश्यकता परेको हुदाा इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

पद : **बजार प्रतिनिधि**
शैक्षिक योग्यता : एस.एल.सी., एस. इ. इ. वा सो सरह
अन्य योग्यता : आधारभुत कम्प्युटरको ज्ञान भएको, मोटरसाइकल स्कुटरको लाइसेन्स भएको, सहकारी क्षेत्रमा अनुभव र स्थानीयलाई प्राथमिकता
उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको
नियुक्तिको किसिम : अस्थायी
दरखास्त दिने अवधि : २०८१ साल असार २५ गतेदेखि श्रावण ७ गतेसम्म
तलब स्केल : संस्थाको नियम अनुसार
अन्य सुबिधाः कर्मचारी सञ्चयकोष, पोषाक, खाजा, इन्धन खर्च, वार्षिक बोनस, पर्व खर्च तथा अन्य सुविधा
**आवश्यक कागजातहरु** : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, विज्ञापनमा भएको पदको लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रमाण-पत्र, चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि र तालिम अनुभव सम्बन्धी प्रमाण-पत्रको प्रतिलिपि ।
परीक्षाको किसिम : लिखित, मौखिक, प्रयोगात्मक
**सम्पर्कका लागि : ०२३-५७५८५५/९८५२६७६८०२**

**ज्ञाननाथ पौडेलः संयोजक**
**पदपूर्ति उपसमिति**



## भूल सुधार

मिति २०८१ साल असार १८ गते प्रकासित मितेरी बैंक सुरुङ्गा शााखाको धितोमा रहेको अचल सम्पत्ति शिलवन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको सात दिने सूचनामा लिलाम बिक्री हुने सम्पत्तिको विवरणको महल १मा नरमाया सार्की हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय


## खानपिनमा सचेत बनौं

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सङ्क्रामक रोगको सूची तयार गरी सार्वजनिक गरेको छ । सरकारले राजपत्रमा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ४९ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी ५२ वटा रोगलाई सङ्क्रामकको सूचीमा राखेको सङ्क्रामक रोग विशेषज्ञ डा. अनुप बाँस्तोलाले जानकारी दिए । डा. बाँस्तोलाका अनुसार देशमा पहिलोपटक यस्तो सूची तयार पारेको भन्दै सङ्क्रामक रोगबाट जानकारी दिएका थिए । सङ्क्रामक रोगको सूचीमा रेबिज, क्षयरोग, कोभिड-१९, दादुरा, डेङ्गु, जापनिज इन्सेफलाइटिस्, हैजा, कालाजार, रुबेला लगायतका रहेका छन् ।**

**खासगरी बर्खाको समयमा आउने बाढी, पहिरो जस्ता प्राकृतिक विपत्तिसँगै सङ्क्रामक रोगको जोखिम पनि बढी हुन्छ । यसबेला झ्झापापखाला, डेङ्गु, मलेरिया, टाइफाइड, निमोनिया, ज्वरो, स्क्रब टाइफस, छ्लाको समस्या, पेटको समस्या, रुघाखोकी जस्ता रोगको सङ्क्रमण बढी देखिन्छ । बर्खापछि शुरु हुने गर्मीमा खुल्ला छाडिएका भाँडाहरुमा जमेको पानी, पंक्षीको बिष्टा, फोहर जस्ता कारणले मानिस बिरामी पर्दछन् । यसबेला सरुवा रोगहरुमा केही श्वासप्रश्वास र धेरै पाचन प्रणालीसँग सम्बन्धित हुन्छन् । जसले एउटा रोगी मानिसको संसर्गले अर्को मानिसमा सङ्क्रमण फैलाउँछ ।**

**रोगका कारण नै दूषित खाना, पानी र हावा भएकाले हामी यसमै सचेत रहनु पर्दछ । वर्खाको समयमा पानीका मुहान पनि दूषित हुन्छन् त्यसैले पानी उमालेर पिउनुपर्छ । व्यक्तिगत सरसफाईमा ध्यान दिएर, घर बाहिर निस्कँदा मास्कको प्रयोग गरेर पनि सङ्क्रामक रोगहरुबाट जोगिन सकिन्छ । यसका साथै सम्बद्ध मन्त्रालय, विभाग सरकारले नै आपतकालीन चिकित्सकीय टोली बनाएर स्वास्थ्य सेवाको पहुँच विस्तार गर्नुपर्छ । सरकारले गर्छ भनेर पर्खिनुभन्दा रोग लाग्नै नदिने वातावरण तयार गर्नु बुद्धिमानी हुन्छ । यसका लागि खानपानमा ध्यान दिनु नै सर्वोत्तम उपाय हो ।**

# युवाको नैतिक मूल्य



**प्रकाश अधिकारी**

जेठको अन्तिम साता विराटनगरमा बिहान १० बजे कोशी प्रदेश योजना आयोगको सवारीसाधन कार्यालयतर्फ जाँदै गर्दा क्याम्पस छेउ मोडमा पुगेपछि एक्कासी निस्किएको विद्यार्थीको हुलले सवारीसाधन घेरी चालकसमेत बाहिर निकाली आगजनी गऱ्यो । आफ्ना सहपाठीबिरुद्ध प्रहरीले अभद्र व्यवहार मुद्दा लगाएको विरोधमा आगजनी गरिएको थियो भने यस अगावै विद्युत् प्राधिकरणका चार वटा सवारीसाधनमा क्षति पुऱ्याइसकेको प्रहरी उद्दृत समाचारमा उल्लेख छ । स्रोतसाधनको अभाव झेलिरहेको राज्य प्रणालीले क्षणभरमा करोडौं मूल्य पर्ने सरकारी साधन गुमाउनु पऱ्यो ।

राज्य, सरकार, सत्ता वा सत्तासँग जोडिएको प्रतीक वा व्यक्ति जस्ता संस्थापन पक्षको एउटा रूढिबद्ध छवि (स्टेरोटाइप्ड इमेज) सर्वसाधारणमा हुन्छ । युवाबीच यो छवि झनै गहिरो गरेर बसेको छ । यो छविसँग सम्बन्धित कसैको पनि निरादर गर्नु, क्षति पुऱ्याउनु, लागू गरेको मानदण्डमा विचलन ल्याउन वा नियन्त्रणलाई मान्न इन्कार गर्नु वा उद्देश्य र साधनलाई अस्वीकार गर्नु युवा आन्दोलन हो । सामान्यतः युवा आन्दोलनको प्रमुख कारण सामाजिक व्यवस्थामा निहित हुन्छ, युवाको व्यक्तित्वमा होइन । युवा आन्दोलनको कारण कुनै लुटपिट हुन्छ भने धन-सम्पत्ति प्राप्त गर्ने उद्देश्यले गरिएको हुँदैन, सरकारी निजी सम्पत्तिमा तोडफोड, आगजनी गरिन्छ भने बदलाको भावनाले हुँदैन, कुनै व्यक्तिबिरुद्ध नाराबाजी गरियो भने उसलाई अपमानित गर्न गरिएको हुँदैन । यी सबै युवाका माग पूरा नहुँदाका परिणाम हुन् ।

युवा विद्रोही, क्रान्तिकारी र अपरिपक्व हुन्छन् । तथापि राष्ट्र निर्माणका लागि चाहिने साहस, सिर्जनशीलता, सिक्ने क्षमता र उच्च मनोबल युवामा मात्र हुन्छ । युवा राष्ट्रका सम्पदा र परिवर्तनका संवाहक हुन् । युवा बाहिरी प्रभावका प्रति अति संवेदनशील हुन्छन् र अर्काको नक्कल गर्न खप्पिस । युवा केवल विध्वंस, हत्या, आक्रमण र आतङ्कवादमा विश्वास गर्छन् भन्ने अर्थ पनि होइन । जब समाजमा सामाजिक संरचना र संस्थाहरूसँग, सामाजिक व्यवस्थामा विरोधाभाससँग, राजनीति र राजनीतिज्ञसँग, राज्यशक्तिको प्रयोग गरी गरिने निर्णय र निर्णय गर्नेसँग मोहभङ्ग हुन्छ युवाबाट परम्परादेखि पालना गर्रिदै आएको नैतिक मूल्य र आदर्श अनुसारको व्यवहारको अपेक्षा राख्नु मनासिब हुँदैन । सामाजिक भेदभाव, व्याप्त भ्रष्टाचार र अवैध साधनद्वारा आर्थिक लाभको खोजीले जीवनको चौतर्फी पतनोन्मुख हुँदै गर्दा युवामा राष्ट्रियता, नैतिकता, अनुशासन, स्थानीय संस्कृति, स्वयम्सेवी भावना र असल संस्कारको विकास गरिनुपर्छ ।

जब युवाले आफ्ना नेताको 'कथनीकरनी'मा गहिरो र फराक खाडल देख्छन्, जब नेतागण बलिदान गर्नु पर्ने कुरा गर्छन्, तर आफू चाहिँ ऐस आरामको जीवन बिताउँछन् । जब नेता नैतिकताको कुरा गर्छन् र आफू चाहिँ समाज विरोधी तत्वसँग सम्बन्ध राख्छन्, जब नेतागण शान्ति र व्यवस्था तथा सामञ्जस्यताको कुरा गरेर थाक्दैनन् । तर, आफ्नै दलभित्र गुट उपगुट बनाएर झगडा गर्नमा आनन्द लिन्छन् । स्वच्छ प्रतिस्पर्धा, योग्यता, सुशासनको कुराको रटान दिन्छन्, तर सार्वजनिक नियुक्ति र प्राथमिकतामा आफ्नै परिवार वा चिनेजानेका मानिसलाई अवसर दिन्छन् र राख्छन् । नेताहरू निर्धन र सुकुम्बासीका लागि सार्वजनिक मञ्चमा आँशु चुहाउँछन् । तर, तिनै सुकुम्बासीलाई उठिबास लाउँछन् र 'हुनेखानेहरू'को पक्षमा नीति र कानून तर्जुमा गर्छन् भने यी सबै टुलुटुलु हेरिरहेका युवामा रोष उत्पन्न हुनु स्वाभाविक हो । उल्लिखित सबैबाट निराश र भ्रमित भएर कुण्ठित युवा विभिन्न रूप र रङ्ग लिएर सामाजिक विरोध प्रस्तुत गर्नका लागि आन्दोलन चलाउँछन् ।

युवा असन्तोष के हो ? युवा नीति, २०७२ ले १६ वर्षदेखि ४० वर्षसम्मको नागरिकलाई युवा मानेको छ । देशको कुल जनसंख्यामा युवा प्रतिशत ४३ छ । जीवनको यो कालखण्डलाई 'कर्तव्यकाल' भनेर पनि चिनिन्छ । असन्तोषले 'अशान्त स्थिति' बुझाउँछ । यो मोहभङ्ग रोषको स्थिति हो । सामाजिक असन्तोष एक गुट, समुदाय वा समाजको सामूहिक मोहभङ्ग, रिसको आवेग र कुण्ठाको अभिव्यक्ति हो । क्याम्पसका विद्यार्थीमा असन्तोष छ भने विद्यार्थीको प्रवेश (परीक्षा), पाठ्यक्रम, परीक्षा प्रणाली, अतिरिक्त क्रियाकलाप, शैक्षिक प्रणालीमा विद्यार्थीको प्रतिनिधित्व जस्ता सामूहिक मामिलामा विद्यार्थी कुण्ठित छन् र त्यसको प्रकटीकरण विभिन्न स्वरूपमा हुने गर्छ । औद्योगिक श्रमिकमा न्यूनतम पारिश्रमिक, सेवा सुरक्षा, सामाजिक सुरक्षामा समस्या र प्रतिष्ठानभित्र र बाहिरको व्यावसायिक वातावरणप्रति उकुसमुकुस हुँदा श्रमिक असन्तोष हुन्छ । एवम् रीतले किसान, जनजाति, महिला असन्तोष हुन्छ । सामाजिक आन्दोलनले 'समाजमा समूहका आममुद्दामा सामुहिक निराशा र कुण्ठा'को धारणालाई जोड दिनु हो ।

समाजमा विद्यमान मानदण्ड युवाका दृष्टिमा अप्रभावी र हानिकारक हुन्छ, त्यसलाई आघात पुऱ्याउन थाल्छन् र उनीहरूमा भएको मोहभङ्गले स्थापित मानदण्डलाई भत्काउनु पर्ने आवश्यकता प्रतीत हुन्छ । यो दुईखाले हुन्छ- समस्या अभिमुख र मूल्य अभिमुख । विद्यार्थी विश्वविद्यालयको उपकुलपति हटाउनकै लागि आन्दोलन गर्छन् । तर, उपकुलपति चयन प्रणालीमा परिवर्तन गर्न सङ्घर्ष गर्दैनन् । परीक्षा स्थगितका लागि लड्छन् । तर, परीक्षा प्रणालीको पुनर्संरचनाका लागि आन्दोलन गर्दैनन् । शिक्षक प्राध्यापकप्रति निरादर, सहपाठी युवतीलाई दुर्व्यवहार, क्याम्पसको सम्पत्तिमा हानि नोक्सानी पुऱ्याएर शैक्षिक संस्थाको लक्ष्यमा आफ्नो रुचि नभएको प्रदर्शन गर्छन् ।

युवा आन्दोलनको उद्देश्य मौजुदा सिकायत र अन्यायका प्रति सत्तारूढको ध्यान आकृष्ट गर्नु, सचेत गराउनु, प्रभावित गर्नु, उत्तेजित पार्नु, चिन्तित तुल्याउनु र अस्तव्यस्त एवम् आकुल-व्याकुल पार्नु हो । प्रदर्शन, नाराबाजी, हड्ताल, भोक हड्ताल, चक्का जाम, सडक अवरोध, घेराउ र परीक्षा, कक्षा बहिष्कार जस्ता स्वरूपमा युवा आन्दोलन हुने गर्छन् । आन्दोलन हिंसात्मक भयो भने, सार्वजनिक सम्पत्ति तोडफोड गरियो भने, प्रशासनिक अधिकारीलाई थुनेर, घेरेर राखियो भने, पसल कार्यालय जबर्जस्ती बन्द गर्न लगाइयो भने र सडक आवागमन खुलाउन प्रहरी प्रवेश हुन्छ ।

अदालत, प्रहरी जस्ता कानून लागू गर्ने निकाय माथि आन्दोलनकारीको भरोसा हुँदैन र प्रहरीको उपस्थिति प्रत्युत्पादक हुन सक्छ । 'कानून हातमा लिएका' युवा आन्दोलनकारीमा त्वरित न्याय हुनु पर्छ भन्ने सोच रहन्छ । भिडको व्यक्तिले आफ्नो व्यक्तिगत पहिचान हराएर भिडको एउटा हिस्सा बन्न पुगेपछि उसको स्वत्व बिलाएर भिडमा प्रवाहित हुन्छ । भिडले गरेका कसुरजन्य कार्यका लागि आफू पक्राउ पर्छु भन्ने डर उसलाई लाग्दैन । कानून लागू गर्ने निकायलाई पनि भिडमा भएको अपराधमा कसलाई जिम्मेवार बनाउने ठहर्न मुस्किल पर्छ । यस्तो अवस्थामा तर्क वा बुद्धिले नभएर भावात्मक अपिलले मात्र आन्दोलनकारीलाई प्रभावित गर्छ ।



जब देशका युवामा अधिकांश न केवल आफ्नो भविष्य र सुरक्षाका बारेमा अपितु देशको आर्थिक भविष्य र सामाजिक प्रगतिका बारेमा निराशावादी छन् भने के युवाको उत्तेजनापूर्ण आन्दोलनलाई रोक्न र छेक्न सकिन्छ ? समाजलाई विद्यामा प्रबुद्ध, प्राविधिक ज्ञानमा निपुण र राजनीतिक रूपले परिपक्व युवाको खाँचो छ । समाजमा विद्यमान स्थितिसँग सबै व्यक्ति सन्तुष्ट हुँदैनन् । समस्या विद्यमान छन् भनेर अन्यलाई विश्वास दिलाउन सकियोस् भनेर, स्थिति सुधारका लागि कारबाहीको थालनी होस् भनेर र दुःखद् स्थिति एवम् त्यसको कारण समाधान गर्न सकियोस् भनेर आन्दोलन हुने गर्छ । सबै आन्दोलन पीडितले गर्दैनन्, पीडितका तर्फबाट अन्यले गर्छन् । मापसे, लागू पदार्थको दुर्व्यसन, महिला अधिकारका आन्दोलन अन्यले चलाउँछन् ।

नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने व्यवस्था गरेको छ । साथै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने राज्यले लिएको युवा नीति हो । युवा नीति कार्यान्वयनको नेतृत्व युवा हकहितमा मात्र समर्पित युवा तथा खेलकुद मन्त्रालयले गरिरहेको छ । एक सामान्य युवा व्यक्तिवादी, कल्पनाशील र प्रतिस्पर्धी हुन्छ । जोस र उत्साह नियन्त्रित गर्ने मार्गदर्शनको मात्र उसलाई खाँचो हुन्छ । उसका असन्तुष्टि, रोष र सिकायतहरूको अभिव्यक्ति गर्ने तरिका सिकाउनु पर्छ, निकास खोज्नु पर्छ, साधन उपलब्ध गराउनु पर्छ ।

युवालाई शिक्षा, रोजगारी र उद्यमशीलताको खाँचो छ । पूर्ण आत्मविश्वास भएका, सबै खाले परिस्थितिलाई आफू अनुकूल बनाउन सक्ने र अध्ययनमा तीव्र रुची भएका युवा आफ्नो योग्यताका कारण आफ्नो उद्देश्य प्राप्त गर्ने कुरामा विश्वास राख्छन्, परिश्रम गर्छन्, आन्दोलनबाट टाडै बस्छन् । अर्कोथरी युवा जसमा योग्यता हुन्छ, परिपक्व पनि हुन्छन्, सही र गलतका बिचको भेदलाई पहिचान गर्ने प्रयत्न गर्छन्, परिश्रम गर्छन्, राम्रो अङ्क र श्रेणीलाई आफ्नो लक्ष्य बनाउँछन्, त्यस्ता गतिविधिबाट आफूलाई टाडै राख्छन् जसले आफ्नो लक्ष्यलाई नोक्सान पुऱ्याउँछ । अर्काथरी युवा जोसँग वाञ्छित योग्यता नहुँदा उच्च प्राज्ञिक क्षमता भएका मेधावी विद्यार्थीसँग प्रतिस्पर्धा गर्न सक्दैनन् र गैरप्राज्ञिक मूल्य एवम् व्यहार आदर्श ठान्छन् । यस्ता युवा परीक्षामा अनुचित तरिका अपनाउने, कक्षामा अनुपस्थित रहने, कक्षामा उपस्थित हुँदा पनि पछिल्लो बेन्चमा बस्ने, कसैद्वारा उचालिएर आन्दोलनमा भाग लिने र दौंतरीलाई सहभागी हुन दबाब र प्रभावमा पार्ने गर्छन् ।

युवाको नैतिक मूल्य, लोकाचार र निजहरूको पारिवारिक पृष्ठभूमिले पनि आन्दोलनको स्वरूपलाई निश्चित गर्छ । विपन्नता, समाजबाट अलग सम्झिने, अध्ययनमा पर्याप्त रुचि जागृत गर्न नसकेका, आफ्ना बाबु, आमासँग घनिष्ठ र सन्तोषप्रद सम्बन्धको अभाव भएका वा अध्ययन वा रोजगारीका लागि घर परिवार छाडेर अन्यत्र बसेका युवा आफ्नो जीवनमा खालिपनलाई भर्न, साथीभाइको लहै लहैमा उत्तेजनापूर्ण आन्दोलनमा भाग लिने गर्छन् । अहिलेसम्म उपेक्षित रहँदै आएको विशाल युवा शक्तिलाई विकासका लागि र सामाजिक अन्याय हटाउन, राष्ट्रिय सामुहिक लक्ष्य प्राप्तिका लागि लगाउन आवश्यक समय अब भइसकेको छ । दमन र टकरावको वातावरणको स्थानमा आशा, विश्वास र आस्थाको वातावरण निर्माणको खाँचो छ । युवाशक्तिलाई यसतर्फ सङ्गठित गर्न अग्रसर गरिनुपर्छ । *गोप*

## मानसिक बिरामीको उपचारमा पुरुष नर्स

मोरङको बुढीगंगा-२ स्थित विराट मेडकल कलेज शिक्षण अस्पतालको मानसिक विभागमा दैनिक ३० जना विरामी उपचारका लागि भर्ना हुन्छन् । ती विरामीहरुलाई सेवा गर्ने त्यहाँ महिला नभएर सबै पुरुष नर्सहरु छन् । उनीहरु नझर्की, अत्ताईकन धैर्य पूर्व शान्त नम्रबोलीले भर्ना भएका विरामीको उपचार सेवामा सहयोग गर्ने गर्दछन् ।

उनीहरु आकस्मिक रुपमा अबेर राति पनि विरामीको नियमित जाँच गर्ने, समयमा औषधि खुवाउने, रगत तान्ने, हिस्ट्री लिने, रेकर्ड राख्नुदेखि, इसीजी गर्ने र शौच गरेको नगरेको विभिन्न जाँचहरु पठाउने र रिर्पोट अभिलेखिकरण गरेर राख्नेदेखि डाक्टरहरुलाई विरामीको अवस्था ब्रिफिङ गर्नेदेखि विरामी र उनीहरुका कुरुवालाई काउन्सिलिङ्ग गर्ने काम उनीहरु जिम्मेवारीपूर्वक गर्ने गर्छन् ।



यति मात्र नभएर सिकिस्त विरामीहरुलाई दिसापिसाब गराउन शौचालय लानेदेखि लुगा फेरि दिने, औषधि नखाने विरामीहरु फकाएर त कसैलाई चूर्ण बनाएर औषधि खुवाउने काम पनि गर्ने गर्छन् । विरामीको प्रभावकारी सेवा गरेकै कारण विराट अस्पतालको मानसिक विभागमा आजकल महिला नर्सहरु छैनन् । त्यहाँ सबै काम स्वास्थ्य सहायक पढेका तालिम प्राप्त पुरुष नर्सहरुले नै सेवा दिइरहेका छन् ।

उसै पनि नर्स भएर विरामीको सेवा गर्नु सजिलो काम होइन । यसका लागि शिक्षाको डिग्री र मात्र भएर पुग्दैन । नर्स हुनका लागि मृदृभाषी, लगनशिल र जिम्मेवार पनि हुनुपर्छ । अझ मानसिक विरामीहरुको सेवा गर्ने काम कष्टकर र जोखिमपूर्ण हुन्छ । उपचार गर्न भर्नाका भएका विरामीहरु कोही मानसिक रुपले विक्षिप्त भएका हुन्छन् भने कोही चिच्याउने कराउने, होल्हल्ला गर्ने कुटपिट गर्नेखालका पनि हुन्छन् ।

प्राय:ले आफूलाई विरामी मान्दैनन् र औषधि र खाना पनि खान चाहँदैनन् झगडा गर्छन् । कतिपय त अस्पतालबाट भागेर पनि जान्छन् । विरामी जाँचेर औषधि लेख्ने दक्षता हासिल गरे पनि आफूहरु थप अनुभव हासिल गरेर दक्ष स्वाथ्यकर्मी बन्नका लागि जोखिम मोलेर भए पनि नर्स भएर विरामीको उपचार गर्न लागिपरेको विराट अस्पतालमा मानसिक विभागमा कार्यरत नर्स निरजकुमार देव बताउँछ ।

निरज जस्तै तीन बर्षे स्वास्थ्य सहायक ( एचए) कोर्ष गरेर तालिम लिएका विजय राजवंशी, मनोज मेहता, प्रशासन्त ठाकुर नितेशकुमार मेहता र सिकन्दर यादवहरु पुरुष नर्स बनेर मानसिक रोगीहरुको निरन्तर सेवा गरिरहेका छन् । 'हामीहरु पुरुष मात्र नभएर असक्त महिला बालबालिका र ज्येष्ठ नागरिक सबै असक्त विरामीहरुलाई कुनै भेदभाव नगरी कडा र जटिलखाले सबै विरामीहरुको झर्को नमानी स्याहारसुसार गर्छौं' -मानसिक विभागमा दुई बर्षदेखि नर्स भएर विरामीको सेवा गर्दै आएका नर्स मनोज मेहता र उनका साथीहरु बताउँछन् । सन्तुष्ट हुने गरी सेवा गरेकै कारण आजसम्म कोही पनि विरामी र कुरुवाहरुले असन्तुष्टि नजाएको बरु सबैले प्रशंसा नै गरेको पुरुष नर्सहरु बताउँछन् ।

कार्यरत नर्स प्रशान्त ठाकुरका अनुसार मानसिक वार्डमा उपचार गराउन आएका कति विरामीहरु होसहवास नभएका पनि हुन्छन् भने कति चाहिँ कुटपिट गर्ने र आफूमाथि ह्रिस्रक व्यवहार गर्नेहरु पनि हुन्छन् । कतिपयले मौका खोजेर आफूलाई घात गर्नेदेखि आत्महत्या गर्नेसम्मको प्रयास पनि गर्छन् । त्यसैले सेवामा खटिएका नर्सहरुले चौबिसै घण्टा सर्तक हुनु पर्दछ । आफूहरुको सजगता र धैयर्ताकै कारण आजसम्म कुनै अप्रिय घटना हुन पाएको र बरु उपचारमा आएका विरामीहरु पनि निको भएर अस्पतालबाट डिर्स्चाज भएको नर्स सिकेन्द्र यादव बताउँछन् ।

मानसिक विभागमा भर्ना भएका विरामीको सेवामा स्वास्थ्य सहायक पढेका पुरुषहरुले पनि महिला नर्सहरुले भन्दा प्रभावकारी सेवा दिइरहेकोले उपचार सेवा प्रभावकारी बनाउन भरपर्दो सहयोग पुगिरेहको मानसिक विभागका रेसिडेन्सियल इञ्चार्ज चिकित्सक डाक्टर शिर्षकदीप श्रेष्ठ बताउँछन् ।

## डेंगु ज्वरो हुँदा खाने फलफूल



वर्षाद्को मौसममा डेंगु संक्रमण बढ्ने गर्छ । डेंगु ज्वरो आउँदा शरीरमा प्लेटलेट्स तीव्रगतिमा घट्न थाल्छ, जसका कारण शरीरमा कमजोरी तथा वान्ता हुने जस्ता समस्या आउँछ । चिकित्सकका अनुसार यस्तोमा प्लेटलेट्स बढाउन केही फलफूलको सेवन गर्न सकिन्छ ।

**सुन्तला**

डेंगु भएको अवस्थामा सुन्तलाको सेवन गर्नु फाइदाजनक हुन्छ । यसमा हुने भिटामिन सीले शरीरको रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउँछ साथमा सुन्तला खाँदा शरीरमा ऊर्जाको सञ्चार हुन्छ ।

**मेवा**

डेंगु ज्वरो कम गर्न मेवाको सेवन पनि फाइदाजनक हुन्छ । मेवाले प्लेटलेट्स बढाउन सहयोग गर्छ । साथमा यो नियमित खाँदा रोग छिटो निको हुन सक्छ ।

**स्याउ**

स्याउमा हुने भिटामिन ए र एन्टीअक्सीडेन्ट्स गुणले डेंगुको ज्वरो आएको अवस्थामा शरीरमा ऊर्जा दिने काम गर्छ । साथमा यसले तनाव कम गराउँछ ।

**अमला**

डेंगुको असर कम गर्न नियमित रूपमा अमलाको सेवन गर्न सकिन्छ । अमलामा भिटामिन ए, सी र एन्टी अक्सीडेन्ट्स गुण पाइन्छन्, जसले शरीर स्वस्थ राख्न सहयोग गर्छ ।

**अनार**

अनारमा पोलीफेनोलिक फ्लेवोनोइड्स र आइरन जस्ता पोषकतत्व पाइन्छन्, जसले शरीरको इम्यूनिटी सिस्टमलाई बलियो बनाउँछन् । त्यसैले अनार खाँदा डेंगुमा पनि फाइदा गर्छ ।



**खोलाले बगाएको दाउरा संलन** | सप्तकोशीको बाढीले बगाएर ल्याएको दाउरा संकलन गरी घर लैजान ठेला रिक्सामा हाल्दै सुनसरीको कोशी गाउँपालिकाका स्थानीय । *तस्वीरः रासस*

# किसानलाई हल गोरु वितरण

**भोजपुर, असार २४।** भोजपुरको हतुवागढी गाउँपालिकाले किसानलाई प्रोत्साहन गर्न हल गोरु वितरण कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

यसअघि फैलिएको लम्की स्किन रोगका कारण गोरु मरेपछि किसानलाई प्रोत्साहन स्वरुप हल गोरु वितरणको कार्यक्रम ल्याएको हो । पशुपंक्षी तथा कृषि विकासका लागि रु. ५६ लाख २० हजार बराबरको कार्यक्रम सञ्चालन गरिने प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले बताए ।

किसानको मागको आधारमा आगामी आर्थिक वर्षमा नौ हल गोरु वितरण गरिने प्रमुख प्रशासकीय अधिकृत निरौलाले जानकारी दिए । किसानलाई गोरु वितरणको लागि रु. तीन लाख ६० हजार बजेट समेत विनियोजन गरिएको उनको भनाइ छ ।

'हामीले किसानलाई प्रोत्साहन गर्नको लागि हल गोरु वितरण कार्यक्रम अघि सारेका छौँ'-प्रशासकीय अधिकृत निरौलाले भने- 'लम्की स्किन रोगले धेरै किसानका गोरु मरेका कारण उनीहरु समस्यामा छन् । यो कार्यक्रम मार्फत उनीहरुलाई केही राहत पुग्नेछ ।'

किसानलाई ५० प्रतिशत अनुदानमा गोरु वितरण गरिने प्रशासकीय अधिकृत निरौलाले बताए । किसानलाई कृषिमा आत्मनिर्भर बनाउँदै उनीहरुलाई आयआर्जनसँग जोड्न गाउँपालिकाले योजनाबद्ध रुपमा काम गरिरहेको उनको भनाइ छ । पछिल्लो समय किसानमा गोरु पाल्ने चलन हराउँदै गएकाले यसको निरन्तरताको लागि समेत यो कार्यक्रमले टेवा पुग्ने उनले बताए ।

'पछिल्लो समय गाउँघरमा गोरु पाल्ने चलन पनि हराउँदै गएको अवस्था छ' -उनले भने- 'गोरु पाल्दा किसानलाई धेरै फाइदा छ । गोरु पाल्दा खेतबारी जोत्नसँगै मलमूत्र पनि काम लाग्छ ।' गाउँपालिकाले किसानलाई प्राथमिकता राख्दै यहाँको दिगो विकासमा जोड दिँदै आएको उनको भनाइ छ ।

किसानलाई कृषिमा लाग्न थप हौसला दिनको लागि योजनाबद्ध विकासमा जोड दिइएको गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए । किसानलाई आयआर्जनमा जोड्न एक घर एक करेसाबारी, नर्सरी स्थापना, मौरीपालन, प्लाष्टिक पोखरी निर्माण कार्यक्रम, सुन्तला खेती विस्तार लगायत कार्यक्रम सञ्चालन भइरहेको अध्यक्ष राईको भनाइ छ । त्यस्तै उत्कृष्ट किसान सम्मान कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ ।

'गाउँपालिकाका किसानको जीवनस्तर सुधारको लागि कृषिको योजनाबद्ध विकासमा जोड दिएका छौँ' -अध्यक्ष राईले भने- 'किसानलाई लक्षित गरेर हल गोरु वितरणको कार्यक्रम अघि सारेका छौँ । यसले पनि किसानलाई थप सहयोग पुग्नेछ ।' किसानलाई लक्षित गरेर उन्नत जातको भैँसी वितरण, गोठ सुधार लगायतको कार्यक्रम पनि सञ्चालन भइरहेको उनको भनाइ छ । समथर भू-भागका किसानलाई ध्यानमा राख्दै हाते ट्याक्टर लगायतका आधुनिक उपकरण समेत वितरण भइरहेको अध्यक्ष राईले जानकारी दिए ।

# वर्षाले ग्रामीण सडक अवरुद्ध

**खोटाङ, असार २४।** अविरल वर्षाले जिल्लाका सबै ग्रामीण सडक अवरुद्ध बनेका छन् । वर्षासँगै आएको भलबाढी तथा पहिरोका कच्ची अवस्थामा रहेका अधिकांश ग्रामीण सडक अवरुद्ध बनेका हुन् ।



ग्रामीण सडक अवरुद्ध भएपछि जिल्लाका स्थानीय तहहरु राष्ट्रिय सडक सञ्जालबाट विच्छेद भएका छन् । स्थानीय तहसँग जोडिएको सबै ग्रामीण सडक अहिलेसम्म कच्ची अवस्थामा रहेकाले समस्या भएको यातायात व्यवसायीले बताएका छन् ।

जन्तेढुङ्गा, बाराहा पोखरी र खोटेहाङ गाउँपालिकाको कच्ची सडक हिलाम्य भएपछि सञ्चालन हुन सकेको छैन । केपिलासगढी र ऐसेलुखर्क गाउँपालिका लगायतका ग्रामीण क्षेत्रमा पनि झरीले बाटो हिलाम्य हुँदा यातायात सञ्चालन हुन नसकेको खोटाङ यातायात प्रालिका महासचिव रामकुमार हिङ्माङको जानकारी दिए ।

यस बाहेक सगरमाथा लोकमार्ग अन्तर्गत दिक्तेल-गाईघाट सडक पनि अवरुद्ध छ । यसले जिल्लाबाट तराई जान र तराईबाट जिल्ला आउन समस्या भएको छ । जिल्लाका केही ठाउँमा पहिरो तथा रुखले ग्रामीण सडक अवरुद्ध गरे पनि स्थानीय र प्रहरीले खुलाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

अवरुद्ध ग्रामीण सडक खुलाउने विषयमा स्थानीय तहहरुले पहल नगरेको यातायात व्यवसायीले आरोप लगाएका छन् ।

राजधानी काठमाडौँ जोड्ने मध्य पहाडी लोममार्ग भने निरन्तर सञ्चालनमा रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव उपरीक्षक पुरुषोत्तम खड्काले जानकारी दिए । मध्यपहाडी लोकमार्ग ठाउँ-ठाउँमा झरेको पहिरो प्रभावित बनाएको छ ।

यसैबीच यही असार २० गतेदेखिको अविरल वर्षाका कारण दिप्रुङ चुइचुम्मा गाउँपालिका-७ टेम्मामा एक घर भत्किएको छ । अविरल वर्षाकै कारण टेम्माको एक्लेबरस्थित जगबहादुर मगरको घर भत्किएको हो ।

पहिरो खस्दा हलेसी तुवाचुङ नगरपालिका-३ च्यास्मिटारका अस्तजित राईको घर भत्किएको छ । पहिरोले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेल थर्पुका रमेश खड्काको घरमा क्षति पुगेको छ । बाढी तथा पहिरोबाट जोगिन उच्च सतर्कता अपनाउन सम्बन्धित निकायले आग्रह गरिरहेका छन् । मनसुनजन्य विपद् व्यवस्थापनका लागि जिल्लास्थित सबै संयन्त्र तयारी अवस्थामा राखिएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले जानकारी दिए । जिल्लास्थित दशवटै स्थानीय तहले समेत विपद् व्यवस्थापनका लागि आ-आफ्नो क्षेत्रमा तयारी गरेको पाइएको छ ।

प्रहरीले गरेको सर्वेक्षण अनुसार दश स्थानीय तह रहेको जिल्लामा मनसुनजन्य विपद् बाढीबाट ८५ घरधुरीको तीन २० र पहिरोबाट चार सय ३९ घरधुरीको एक हजार सात सय ६१ जना मानिस उच्च जोखिममा रहेका छन् ।

# आगलागीबाट १५ लाख बढीको क्षति

**इलाम, असार २४।** फाकफोकथुम गाउँपालिका-१ खाम्बाङमा एक घरमा आगलागी हुँदा लाखौँ मूल्य बराबरको क्षति भएको छ ।

ताप्लेजुङ्गे टोलका स्थानीय ४५ वर्षीय सोमबहादुर तामाङको घरमा आगलागी भएको हो । अचानक भएको आगलागीबाट घर पूर्णरुपमा जलेर नष्ट भएको १ नम्बर वडा महिला सदस्य गोमा देवी भट्टराईले जानकारी दिइन् ।

आगलागीबाट घरभित्र भएको खाद्यान्न, लत्ताकपडा, भाँडावर्तन लगायतका अन्य सामग्री जलेर नष्ट भएको छ । घटनामा कुनै मानवीय तथा पशु चौपायाको क्षति भएको छैन । माटो, ढुंगा र जस्तापाताले बनेको तीन तले घर जलेको छ । क्षतिको यकिन विवरण भने आइनसकेको र अनुमानित १५ लाख रुपैयाँ बढीको क्षति भएको हुन सक्ने उनको भनाइ छ ।

आगलागी भएको घरधनी हाल वैदेशिक रोजगारमा छन् । आगलागीको बेला श्रीमती, बुहारीसहित बालबालिका मात्रै घरमा भएको जनाइएको छ । पीडित परिवारलाई उनीहरुले प्रयोग गर्दै आएको अर्को सानो घरमा हाल बासस्थान प्रयोग गरिरहेका छन् ।

घटना जानकारी पाएपछि स्थानीयको सहयोगमा आगलागी नियन्त्रण गरिएको छ । विद्युत सर्ट भई आगलागी भएको प्रारम्भिक अनुमान गरिएको र थप विवरण आउन बाँकी रहेको प्रहरी चौकी आमचोकका प्रहरी नायव निरीक्षक प्रकाश राजवंशीले जानकारी दिए ।

# लागूऔषधसहित पक्राउ

**सुन्दरहरैचा, असार २४।** मोरङ र झापाबाट लागूऔषध ब्राउन सुगरसहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मोरङको विराटनगर-१५ स्थित १ नम्बर ढाँटबाट भारतबाट नेपाल आउँदै गरेका पैदलयात्री मोरङको सुन्दरहरैचा-४ बस्ने २३ बर्षीय दिपेश चौधरी र सुनबर्षी-१ बस्ने २० बर्षीय लोकेन्द्र बहादुर खतिवडालाई लागूऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले ब्राउनसुगर २.१८ ग्रामसहित पक्राउ गरेको हो ।

यता झापाको दमक-४ कृष्ण मन्दिर छेउबाट इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले छ ग्राम ब्राउन सुगरसहित सोही स्थानका ३१ बर्षीय भानु बाह्रकोटी र मोरङ उर्लाबारी-७ का ३६ बर्षीय खगेन्द्र न्यौपानेलाई पक्राउ गरेको कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरले जनाएको छ ।

त्यस्तै मेचीनगर-६ स्थित पुरानो मेचीपुलबाट इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले छ सय ७० मिलिग्राम ब्राउनसुगरसहित बुद्धशान्ति-१ का २१ बर्षीय बिशाल श्रेष्ठ पक्राउ गरेको प्रहरीले जनाएको छ ।


## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि सुधार तथा मालपोत कार्यालय
भद्रपुर झापाको

## छुट जग्गा दर्ता सम्बन्धी ३५ दिने हकदाबीको सूचना

झापा जिल्ला अर्जुनधारा नगरपालिका वार्ड नं. ३ बस्ने श्री युवराज महतले पाराखोपी गाविस वार्ड नं. ४ कि.नं. ६२० ज.वि. ३-०-५ जग्गा २०२१ सालको सर्वे नापीमा छुट भएको भनि उक्त जग्गा मेरा नाउँमा दर्ता गरि पाउँ भनि निवेदन पर्न आएकोमा फिल्डबुकको व्यहोरा महल खाली भएको अर्जुनधारा नगरपालिका वडा नं. ३ को च.नं. १९५२ मिति २०८०/०१/२७ को निजकै जोतभोग हो भनि सर्जमिन सिफारिस भई आएको हुँदा यस जग्गामा अरु कसैको हकदावीको प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३५ दिनभित्र भूमि सुधार तथा मालपोत कार्यालय झापामा आफ्नो प्रमाणसहितको कागजात लिई आफै वा वारेश मार्फत हकदाबीको उजुरी गर्नुहोला । अन्यथा कानून बमोजिम कारवाही भई जाने व्यहोरा सबैको जानकारीको लागि सूचित गरिन्छ ।


## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३



## ताजा र विश्वसनीय समाचारका लागि

www.purwanchaldaily.com
लगइन गरौं ।



## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२


## मिरमिरे सामुदायिक वन उपभोक्ता समूह
माई नपा-५, इलाम

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

पटकप्रकाशित मिति : २०८१/०३/२५

यस मिरमिरे सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित गोलीया घाटगट्टीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालय इलामको मिति २०८१/०३/१७ को चं. नं. १२.६३६ लिलाम बिक्री सहमति अनुसार लिलाम बिक्री गर्नुपर्ने भएकोले काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा सिलबन्दी बोलपत्र दालिख गर्न यो सूचना प्रकाशित गरिएको छ । पूर्ण व्यहोराको सूचना लिन यस सा.व.उ. समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

तपशिल

| लट नं. | जात | स्तर (ग्रेड) | | | | | | | | जम्मा | | प्रयोजन | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ए | | बी | | सी | | डी | | | | | |
| | | थान | परिमाण (क्यु.फि.) | थान | परिमाण (क्यु.फि.) | थान | परिमाण (क्यु.फि.) | थान | परिमाण (क्यु.फि.) | थान | परिमाण (क्यु.फि.) | | |
| २ | साल गोलीया | | - | २७ | २३४.८३ | ५२ | २५३.८९ | - | - | ७९ | ४८८.७२ | समूह बाहिर | |
| ३ | साल गोलीया | ४ | ५७.६६ | ४२ | ४०४.२३ | ४ | २२.९४ | - | - | ५० | ४८४.८३ | समूह बाहिर | |

**मिरमिरे सामुदायिक वन उपभोक्ता समूह, माई नपा-५, इलाम**


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पाट्र्स एण्ड सर्भिसिङ्ग सेन्टर



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
तपाईको आजको दिन अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्त होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।